आज मिति २०८२ साल श्रावण २९ गते बुधबारको दिन दिउसो १०:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को दोस्रो कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

## उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १ | भद्रबहादुर राई | प्रशासन शाखा प्रमुख | |
| २ | रमेश राई | प्राविधिक शाखा प्रमुख | |

## प्रस्तावहरु:

- प्रस्ताव नं. १ः कर्मचारी माग सम्बन्धमा ।
- प्रस्ताव नं. २ः मलेप डोरटोली सँग प्रवेश बैठक सम्बन्धमा ।
- प्रस्ताव नं. ३ः विविध सम्बन्धमा ।

२०८२/०४/३०

निर्णयहरु:

प्रस्ताव नं. १ः कर्मचारी माग सम्बन्धमा ।

निर्णय नं.१ः यस पालिकामा रहेका स्विकृत रिक्त दरबन्दीमा कर्मचारी माग गर्ने सम्बन्धमा सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री प्रताप सिंह तामाङ ज्यूले पेश गर्नुभएको प्रस्ताव उपर छलफल गर्दा देहायको रिक्त दरवन्दी मा प्रदेश लोक सेवा आयोगमा माग आपुर्ति फाराम भरी पठाउने निर्णय सर्वसहमतिले पारित गरियोः-

तपशिलः

| क्र.स. | पद | सेवा समूह | तह | रिक्त संख्या | माग गर्नुपर्ने संख्या |
|---|---|---|---|---|---|
| १ | सहायक चौथो | स्थानीय प्रशासन/सा.प्र. | ४ | २ | १ |
| २ | स्टाफ नर्स ( प.हे.न.) | स्थानीय स्वास्थ्य /प.हे.न. | ५ | १ | १ |
| ३ | हेल्थ असिस्टेन्ट | स्थानीय स्वास्थ्य/हे.इ. | ५ | १ | १ |

निर्णय नं.२ः तपशिल बमोजिमका रिक्त दरबन्दिमा करार नियुक्तिको लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसहमतिले निर्णय पारित गरियो ।

तपशिलः

| क्र.स. | पद | तह/श्रेणी | संख्या | शाखा/कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं/हे.ई. | १ | ताम्कू प्राथामिक स्वास्थ्य केन्द्र | १ |
| २ | स्टाफ नर्स ( प.हे.न.) | सहायकस्तर पाँचौ | १ | स्वास्थ्य शाखा | १ |
| ३ | अ.न.मी. | सहायक स्तर चौथो | १ | स्वास्थ्य शाखा | १ |

प्रस्ताव नं. २ः मलेप डोरटोली सँग प्रवेश बैठक सम्बन्धमा ।

निर्णय नं.१ः आ.व. २०८१/८२ सालको आर्थिक कारोबारको अन्तिम लेखापरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयबाट आउन भएका डोर प्रमुख ज्यू लगायत सम्पूर्णलाई पालिकाको तर्फबाट स्वागत गरी लेखापरीक्षणको लागि पूर्ण रुपमा सहयोग गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

२०८२/०३/३०

प्रस्ताव नं. ३: विविध सम्बन्धमा ।

<u>निर्णय नं.१</u>:मिति २०८२/०४/२७ गते प्रकाशन गरिएको सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण शिविर संचालन सम्बन्धमा काठमाडौं उपत्यकामा चावहिल आसपास,इटहरीमा इटहरी चोक आसपास र खादबारीमा स्वागत होटलमा शिविर संचालन गरिने सर्वसहमतिले निर्णय पारित गरियो ।

<u>निर्णय नं.२</u>: मिति २०८२/०४/२७ गते प्रकाशन गरिएको सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण शिविर संचालनका लागि जनप्रतिनिधि तथा कर्मचारी जाँदा-आउँदा २०८२/०५/०४ देखि २०८२/०५/१५ गतेसम्म दैनिक भ्रमण भत्ता पालिकाले व्यहोर्ने सर्वसहमतिले निर्णय पारित गरियो । साथै उक्त शिविर संचालन गर्दा आवश्यक भवन / घरभाडा सम्झौता गरी उक्त घर भाडा वापतको रकम लिए-दिएको भरपाई पञ्जिकरण शाखा प्रमुख रमेश राईले शिविर संचालन पश्चात कार्यालयमा पेश गर्ने सोको शोधभर्ना भुक्तानी पालिकाले व्यहोर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

<u>निर्णय नं.३</u>: जिल्ला समन्वय समिति खाँदबारी संखुवासभाको च.न. १९ मिति २०८२/०४/२२ गतेको पत्रमा माग भएबमोजिमको विवरण गरिब परिवार सूचीकृत पुस्तिका संखुवासभा मा उल्लेख भएबमोजिमको विवरण उपलब्ध गराउने सर्वसहमतिले निर्णय पारित गरियो ।

२०८२/०४/३०